धुनीबेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीखोला, धादिङ

पत्र संख्या : ०७४/७५
चलानी नं. ८६०

मिति:२०७५/१/३

**विषय: बिद्यार्थी भर्ना अभियान संचालन तथा पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धमा**

श्री वडा कार्यालय सबै
धुनिबेशी नगरपालिका, धादिङ

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७५ सुरु भैसकेको सन्दर्भमा बिद्यार्थी भर्ना अभियान लाई सफल पार्नको निमित्त मिति २०७५/०१/०२ गते नगर प्रमुख श्री बालकृष्ण आचार्य ज्यूको अध्यक्षतामा भएको प्र.अ. बैठकबाट विभिन्न निर्णयको हुँदा सोहि निर्णय अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ | साथै बिद्यार्थी भर्ना अभियानको सन्दर्भमा भएका मन्त्री स्तरीय निर्णय, जिल्ला स्तरीय निर्णयहरु तथा धुनिबेशी नगरपालिकाको सूचना सहितको पत्र यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध छ |

..............................

प्रमुख प्रशासकिय अधिकृत

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

धुनीबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीखोला, धादिङ

पत्र संख्या :

चलानी नं.

मिति:२०७५/१/३

## धुनिवेशी नगरपालिकाको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान सम्बन्धी जरुरी सूचना

१) "हामी सबैको ईच्छा अनिवार्य निशुल्क आधारभुत शिक्षा" भन्ने नाराका साथ सबै विद्यालय जाने उमेरका बालबालिकालाई नजिकैको सामुदायिक विद्यालयमा भर्ना गरौं भन्ने संघीय सरकारको अभियानलाई यस नगरपालिकाले समेत आत्मसाथ गरी नगरमा अभियान संचालन भइरहेको व्यहोरा जानकारी गराईन्छ ।

२) विद्यालय पहुँच भन्दा बाहिर रहेका विभिन्न उमेर समुहका बालबालिकालाई आ-आफ्नो क्षेत्र आसपासका सामुदायिक विद्यालयमा भर्ना गर्ने अभियान संचालन गर्न मिति २०७५/०१/०२ गते नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यूको अध्यक्षतामा भएको प्र.अ. बैठकबाट विभिन्न निर्णय भएकोमा निर्णय अनुसार भर्ना अभियान सञ्चालन गर्न सम्बन्धित विद्यालयको प्रधानाध्यापकज्यूहरु सबैमा अनुरोध छ ।

३) भर्ना अभियान सञ्चालन गर्न धुनिवेशी नगरको सम्बन्धित वडा समिति बैठक राखी विद्यालय, सरोकारवालाहरु र समुदाय सँग समन्वय गरी भर्ना अभियानमा सहभागी हुन सम्पुर्ण वडाका पदाधिकारीज्यूहरुलाई अनुरोध छ ।

४) कक्षा १० सम्मको विद्यार्थीहरुको लागि पाठ्यपुस्तक खरिद गर्न नगरपालिकाबाट सम्बन्धित विद्यालयको खातामा रकम निकासा पठाइएकोले विद्यालयमा भर्ना भईसमयमै पाठ्यपुस्तक लिनुहुन अभिभावक र विद्यार्थीहरुलाई अनुरोध गरिन्छ। सम्भव भए सम्म विद्यालय खुलेको पहिलो दिनमा पाठ्यपुस्तक सहित विद्यार्थी कक्षामा बस्ने व्यवस्था मिलाउन सम्बन्धित विद्यालयलाई अनुरोध छ ।

५) विद्यार्थी भर्ना अभियानमा सहभागिता एवं आ-आफ्नो ठाउँवाट आवश्यक सहयोग पुऱ्याईदिनुहुन जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, प्राध्यापक, शिक्षक, विद्यार्थी, बुद्धिजीवी, उद्योगी, व्यापारी, संघ संस्था, सहकारी संस्था, आमा समुह, बालसंजाल, विभिन्न समुह, पत्रकार लगायत समस्त नगरबासीहरुमा हार्दिक अनुरोध छ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
विकेन्द्रिकरण शाखा
सिंहदरबार, काठमाडौं

मिति:२०७४।१२।२२

च.नं. ८२
प.स.०७५/०७५

श्री महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका,
सबै ।

विषय: सामुदायीक विद्यालयमा विद्यार्थी भर्ना अभियान संचालन सम्बन्धमा ।

नेपालको संविधान, २०७२ को धारा ३१ ले आधारभूत शिक्षामा सबै नागरिकको पहुच हुने सुनिश्चित गरेको तथा धारा ५१ (ज)१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइने भनी उल्लेख भएको छ । त्यसै गरी संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ । सक्षम, सवल र प्रतिस्पर्धी जनशक्तिको उत्पादन विद्यालय जाने उमेर समुहका वालवालिकाहरु विद्यालय भर्ना सुनिश्चित गरेर मात्र आरम्भ हुने हुदा विद्यालय भर्ना अभियान महत्वपूर्ण हुन जान्छ । देशमा संघियता लागु हुनु पूर्व शिक्षामा सबैको पहुच सुनिश्चित गर्न शिक्षा मन्त्रालय र यस अर्न्तगतका निकायहरुले औपचारिक विद्यालय शिक्षा, नियमित शिक्षा, निरन्तर शिक्षा, पूर्ण साक्षर कार्यक्रम, विद्यार्थी भर्ना अभियान आदि कियाकलाप संचालन गर्दै आएकोमा अब स्थानीय तहहरुले यस्तै प्रकारका कार्यक्रमहरु मार्फत आ-आफ्नो क्षेत्रमा गुणस्तरिय शिक्षामा पहुच तथा सुधार सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्नु पर्ने संवैधानिक दायीत्व सृजना भएको छ । शिक्षा विभागले शैक्षिक वर्ष २०७५ का लागि "हामी सबैको इच्छा, अनिवार्य निशुल्क आधारभूत शिक्षा" भन्ने विद्यार्थी भर्ना सम्बन्धी आदर्श वाक्य/ नारा तयार गरी सो कार्यमा सहयोगका लागि सबै सरोकारवालालाइ अपिल गरेको छ । यसै सन्दर्भमा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७४/१२/२१ को निर्णयबाट स्थानीय तहहरुलाइ विद्यार्थी भर्ना अभियानका सम्बन्धमा देहाय अनुसारको कार्य गर्न अनुरोध गर्ने भनी उल्लेख भएको हुदा निर्णयानुसार अनुरोध छ ।

१. विद्यार्थी भर्ना अभियान सफल पार्न सबै गाउँपालिका/नगरपालिकाका प्रमुख वा अध्यक्ष/ उप-प्रमुख वा उपाध्यक्ष/वडा अध्यक्ष /शिक्षा समितिका संयोजक/प्रमुख प्रशासकिय अधिकृतको सहभागीतामा घरदैलो कार्यक्रम सबै बस्तीतहमा तथा अन्तरक्रिया कार्यक्रम सबै वडामा अनिवार्य रुपमा चैत्र र वैशाख महिना भित्र संचालन गर्ने र वाल विकास संस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र लगायत स्थानीय तहसंग सम्बन्धित प्रत्येक व्यक्ति वा समुदायको सहभागीतामा घरदैलो अभियान संचालन गर्ने । प्रत्येक शिक्षक, माथिल्लो कक्षाका विद्यार्थी र गाउँपालिका/ नगरपालिका पदाधिकारी तथा कर्मचारीहरुले कम्तिमा एकजना विद्यार्थी भर्ना गराउने अभियान संचालन गर्ने ।
२. प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरुले वैशाख महिनामा अनिवार्य रुपमा कम्तिमा १ दिन स्वयमसेवकको रुपमा आफ्नो स्थानीय तहको क्षेत्रमा रहेको विद्यालयमा विभिन्न शौक्षिक कृयाकलापमा विद्यार्थीसंग समय व्यत्तित गर्ने।
३. स्थानीय तहहरुले आफ्नो क्षेत्रको विद्यालयमा सबै विद्यार्थीले वैशाख महिना भित्र पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चित गर्ने र यस कार्यमा वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिसंग कार्यपालिकाको तर्फबाट समन्वय गर्ने । यदि पाठ्यपुस्तक कुनै कारणले उपलब्ध हुन नसकेमा विषेश पहल गरी समस्या सामाधान गर्ने ।
४. स्थानीय तहहरुले नीतिगत र कार्यक्रमगत रुपमा नै विद्यालय जाने उमेर समुहका सबै बालबालीका नियमित रुपमा विद्यालय जान सक्ने वातावरण सृजना गर्ने र पुर्ण भर्ना अभियानलाई संचालन गर्न नीति तथा कार्यक्रममा समावेश गर्ने ।
५. शिक्षासंग सम्वन्धित सम्पूर्ण राष्ट्रिय प्रतिवद्धता तथा अभियानहरुको अपनत्व ग्रहण गरी राष्ट्रिय लक्ष्य तथा अठोट समय सिमा भित्रै प्राप्त गर्न नीतिगत तथा कार्यक्रमगत रुपमा नै व्यवस्थापन गर्ने ।
६. भर्ना हुन नसकेका वा नआएका र स्कुल छोडेका वालवालिकाहरुलाई औपचारिक विद्यालय शिक्षामा ल्याउन प्रचलित कानुन बमोजिम प्रोत्साहनका प्याकेज (जस्तै विद्यालय खाजा कार्यक्रम, अतिरिक्त कियाकलाप, शुद्ध पिउने पानी, छात्र र छात्राका लागि शौचालय, पुस्तकालय आदिको व्यवस्था) तयार गर्ने र कार्यान्वयन गर्ने ।
७. विद्यालयमा शिक्षक वा कर्मचारीको उपस्थिती र शैक्षिक कियाकलापको गुणस्तर मापनको सुरुवात गर्ने र सम्भव भए सम्म इ-हाजिरीको व्यवस्था गर्ने । विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थी शैक्षिक कियाकलाप र उपलब्धिको व्यक्तिगत अभिलेख राखी अनुगमन गर्ने व्यवस्था मिलाउने ।
८. विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई जिल्ला भरी प्रभावकारी रुपमा संचालन गर्न सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका संयोजक लगायत सबै पदाधिकारीहरुलाई सकृयताका साथ स्थानीय तहहरुले संचालन गर्ने विद्यार्थी भर्ना अभियानमा सहभागिता जनाइ दिन हुन अनुरोध गर्ने ।

प्रल्हाद कुमार कार्की
उप सचिव

वोधार्थ: श्री सुचना शाखा : website मा upload गरी दिनु हुन ।

Scanned by CamScanner

# जिल्ला समन्वय समितिको कार्यालय धादिङ

## ३ नं. प्रदेश, नेपाल

धादिङ बेशी

पत्र संख्या : ०७४/०७५
च.नं. ३४६६

मिति : २०७४/१२/२५

श्री ........................................नगरपालिका/गाउँपालिका
कार्यालय, धादिङ ।

जिल्ला समन्वय समिति
धादिङबेसी, धादिङ
३ नं. प्रदेश, नेपाल

विषयः विद्यार्थी भर्ना एवं पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा नयाँ शैक्षिक सत्र २०७५ शुरु हुन लागेको सन्दर्भमा विद्यार्थी भर्ना सँगै तत्काल विद्यार्थीको हातमा सेटमा नयाँ पाठ्यपुस्तक पुऱ्याउने कार्यलाई प्रभावकारी बनाउन तपशिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. २०७४ चैत्र २५ भित्र आफ्नो क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयको खातामा निशुल्क पाठ्पुस्तक वापतको रकम निकास दिने व्यवस्था मिलाई सो रकमवाट चैत्र मशान्त भित्रै विद्यालयहरुले पाठ्यपुस्तक खरिद गर्न ।

२. भर्ना अवधि (२०७५ वैशाख २ देखि १५ गतेसम्म) को समयमै विद्यार्थीले पाठ्यपुस्तक पाएको सुनिश्चितताका लागि त्यहाँबाट अनुगमन हुन ।

३. विद्यार्थी भर्नाको लागि भर्ने अवधीमा सबै सामुदायिक विद्यालयहरुलाई आफ्नो सेवा क्षेत्रका विद्यालय उमेरका वालवालिकालाई लक्षित गरी घरदैलो कार्यक्रम संचालन गर्न लगाई सबै वालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना गराउन प्रोत्साहन गर्ने व्यवस्था गर्नु हुन ।

(जगन्नाथ नेपाल)
**प्रमुख**

Scanned by CamScanner